**नार्पा भूमि गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः ०९** **संख्याः ०१** **मितिः २०८२/०३/३०**

**भाग-२**

**नार्पा भूमि गाउँपालिका**

**सभामा पेश मितिः २०८२।०३।१०**

**सभावाट पारित मितिः २०८२।०३।२३**

## खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२

**प्रस्तावना :**

आजको बढ्दो जलवायु परिवर्तन, बजारीक्षेत्रका सरसामानहरुको उपभोगमा बढी निर्भर, मानिसको आवात जावातमा तीव्र वृद्धि र पर्यावरणीय क्षयीकरणका कारण हिमालीक्षेत्रका खानेपानी, सरसफाई र फोहोरमैला व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ । जसको परिणाम स्वरुप खानेपानीको समस्या, प्रदुषण तथा प्राकृतिक र साँस्कृतिक सम्पदाहरु समेत विनासको जोखिममा रहेका छन् । हिमाली क्षेत्रका पर्यटकीय, धार्मिक तथा ऐतिहासिक र पुरातात्विक महत्व बोकेका गुम्बाहरु, मणि छोर्तेनहरु, पर्वतारोहणी हिमाल,ताल तथा बेसक्याम्पहरु, पर्यटकीय पास र ट्रायलहरु, खोला-नालाका मुहान र किनारहरु तथा अन्य सार्वजनिक स्थलको सरसफाई थप प्रभावकारी र व्यवस्थित बनाई र सबैमा स्वच्छ खानेपानीको पहुँचलाई

सुनिश्चित गरी सफा, सुन्दर र सभ्य गाउँघरको पहिचान कायम गर्न स्थानीय सरकार, निजी तथा नागरिक समाज, सामाजिक अभियन्ता र आम नागरिकलाई समेत सरसफाई तथा फोहोरमैला व्यवस्थापन अनि स्वच्छ खानेपानीको समस्यालाई निराकरण गर्ने अभियानमा स्वस्फूर्त रुपमा परिचालन गरी थप प्रभावकारी तथा व्यवस्थित अनि संस्थागत बनाउन बाञ्छनीय भएकाले,

नार्पा भूमि गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम यस खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२ गाउँसभा वाट पारित गरिएको छ ।

## परिच्छेद-१

## परिभाषा र व्याख्या

**१.संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम "खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ र यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क)**"पानीका स्रोत"** भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका सबै पानीका स्रोत सम्झनु पर्छ ।

(ख)**"गाउँपालिका"** भन्नाले नार्पा भूमि गाउँपालिका सम्झनु पर्छ ।

(ख)**"वडा"** भन्नाले नार्पा भूमि गाउँपालिकाको वडा कार्यलयलाई सम्झनु पर्छ ।

(ख)**"शाखा"** भन्नाले गाउँकार्यपालिकाको सामाजिक विकास शाखालाई सम्झनु पर्छ ।

(ग)**"समिति"** भन्नाले यस कार्यविधिको दफा ९(२) र ९(३) बमोजिम गठन भएको खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ)**"कार्वन उत्सर्जन"** भन्नाले कुनै पनि व्यक्ति, संस्था, समुदाय वा मुलुकले कार्वन डाइअक्साइड ग्यासको उत्पादन, सिर्जना, निष्काशन वा सोको परिस्थिती सिर्जना गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(च)**"हरियाली क्रान्ति अभियान"** भन्नाले वृक्षारोपण, जैविक विविधता, वातावरण र जलवायु परिवर्तन, हिमालयका सरसफाई र फोहोरमैला व्यवस्थापन, सुख्खापन भूमि र चरन क्षेत्रका

व्यवस्थापन लगायत पर्यावरण स्वच्छ बनाउन गरिन विभिन्न क्रियाकलापलाई सम्झनु पर्दछ ।

(ङ)**"प्रदुषण"** भन्नाले फोहोरमैलाबाट निस्कने ठोष, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सान पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ ।

(च)**"फोहोरमैला"** भन्नाले हिमाल र बेसक्यामका फोहोर, घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानीकरक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएको वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरि निष्कासन गरिएका वस्तुहरु लगायत अनधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नार्पा भूमि गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(छ)**"फोहोरमैला संकलन"** भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने, घर घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहोरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट हटाई संकलन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ज)**"फोहोरमैला निष्कासन"** भन्नाले फोहोरमैला उत्पादन स्थलबाट नार्पा भूमि गाउँपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(झ)**"कन्टेनर"** भन्नाले फोहोरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहोरमैला फोहोरमैला थुपार्ने भाँडो वा वाल्टिन र यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ ।

(ञ)**"संकलन केन्द्र"**भन्नाले घर घरबाट निस्कने फोहोरमैला संकलन गरि निर्धारित समयसम्म राख्न वा थुपार्न गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

(ट)**"सामाजिक अभियन्ता"** भन्नाले समाज र मुलुकको विकास र सम्वृद्धिका लागि निःस्वार्थ र कुनै लाभको आशा नगरि स्वतस्फूर्त रुपमा सहभागी हुने नागरिकहरुको अनौपचारिक समूह सम्झनु पर्दछ ।

(ठ)**“सामुदायिक संस्था”** भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून बमोजिम स्थापित र सहभागितामूलक टोल विकास संस्था तथा उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

(ड)**“विर्सजन”** भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन कार्य सम्झनु पर्दछ ।

**३. अनुमति लिई खानेपानी तथा सरसफाई सम्बन्धी कार्य गर्नुपर्ने :** नार्पा भूमि गाउँपालिका क्षेत्रभित्र कुनै पनि संस्थाले खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अघि यस निर्देशिका बमोजिम स्वीकृति लिई गाउँपालिकाले तोकिदिए बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद-२

## उद्देश्य

**४. उद्देश्य** : यस कार्यविधिको उद्देश्य आफ्नो गाउँ क्षेत्रभित्रका जनतालाई स्वच्छ खानेपानी र सार्वजानिक स्थल तथा महत्वपूर्ण सम्पदा र पर्यटकीय ट्र्याल र गोरेटो, पवर्तारोहण हिमश्रृंखलाका हिमालहरु, बेसक्यामहरु, पहाडी पास तथा भञ्ज्याङहरुको सरसफाईलाई व्यवस्थित बनाई स्वच्छ, सफा, स्वस्थ, सुन्दर र सभ्य गाउँको पहिचान कायम गर्न सहयोग गर्नु हो । साथै अन्य उद्देश्यहरु निम्न विषयमा सहयोग गर्नु रहेका छन् :

(क) पानी जीवन हो; त्यसैले स्वच्छ खानेपानीको पहुँच सबै नागरिकलाई पुर्‍याउने ।

(ख) पानीको स्रोत र मुहानहरुको संरक्षण तथा खानेपानीका आयोजनाहरुको सञ्चालन र व्यवस्थापनमा समितिलाई चुस्ता दुरुस्त बनाई सामुदायलाई पनि अग्रसर बनाउने ।

(ग) गाउँघर, धार्मिक, साँस्कृतिक तथा पुरातत्विक संरचनाहरु र खुल्ला तथा सार्वजनिक क्षेत्रको सरसफाईको उचित प्रवन्ध गर्ने ।

(घ) यस क्षेत्रभित्र रहेका हिमालहरु, बेसक्याम र पास अनि ट्र्यालहरुको सरसफाई तथा फोहोरमैला विसर्जनको कार्य गर्ने ।

(ङ) नदी, खोलानाला, पोखरी, ताल तलैया र बाटोहरुलाई सफा राख्ने ।

(च) जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्ने ।

(छ) सरसफाई अभियानलाई आम नागरिकको जीवनको अभिन्न अंगको रुपमा विकास गर्दै यसमा नागरिक सहभागिता अभिवृद्दि गर्ने ।

(ज) आफ्नो क्षेत्रभित्रको सरसफाईमा स्थानीय सरकारको नेतृत्वदायी भूमिका स्थापित गर्दै यस अभियानमा निजी तथा सहकारीक्षेत्र, नागरिक समाज, सामाजिक अभियन्ता तथा आम नागरिकलाई समेत परिचालन गर्ने ।

(झ) पर्यावरण संरक्षण तथा सरसफाई तथा फोहोरमैला व्यवस्थापनको अनुसन्धान कार्यक्रमहरु नविनतम तरिकाले सञ्चालन तथा प्रबर्द्धन गर्ने ।

(ञ) वृक्षारोपण, जैविक खेती जस्ता कार्यक्रमहरु मार्फत गाउँपालिका र हरेक वडामा नर्सरी सञ्चालन गर्ने ।

(ट) जागरणका लागि शाखाको र साझेदार निकायको समन्वय र गाउँपालिका र वडा कार्यलयको अगुवाईमा विधालय, स्वास्थ्य संस्था, सामाजिक संघ संस्थाहरु तथा टोल सुधार समितिहरुलाई परिचालन गर्ने ।

(ठ) प्रतिवेदन, पुस्तकहरु, शैक्षिक तथा जानकारीमूलक सामग्रीहरुको माध्यमबाट प्रचार प्रसार गर्ने ।

(ड) फोहोरमैला संकलनको प्रभावकारितालाई वृद्धि गरी आफ्ना कार्यक्षेत्रको सडक किनाराको सौन्दार्यता अभिवृद्धिका साथै हरित सडकको अवधारणा कार्यान्वयन गर्ने ।

(ढ) फोहोरमैला उत्पादनलाई श्रोतमै कमी गराउने, छुट्टयाईएको फोहोरलाई घर घरमै कम्पोष्ट बनाउन प्रोत्साहन गर्ने र सामुदायिक कम्पोष्ट प्लान्टको समेत स्थापना गरी सञ्चालन गर्ने, कम्पोष्ट उत्पादनलाई स्थानीय कृषकहरुसम्म पुर्‍याउन सहजीकरण गर्ने ।

(ण) कार्बन उत्सर्जन, हरियाली क्रान्ति अभियान, सुख्खापन भूमिहरुको व्यवस्थापन जस्ता कार्यक्रमहरु राष्ट्रिय, अर्न्तााराष्ट्रिय संघ संस्थाहरुसँग र कार्यक्रमहरुमा संलग्न भई कार्यान्वयन गर्ने ।

## परिच्छेद-३

## खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यक्षेत्र तथा सञ्चालन विधि

**५.खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनको कार्यक्षेत्र :** यस अभियान अन्तर्गत नार्पा भूमि गाउँपालिकाको सबै क्षेत्र र विशेष गरेर देहायका सार्वजानिक स्थल तथा सम्पदाहरुमा खानेपानी, सरसफाई तथा संरक्षणका कार्यहरु गरिनेछ ।

(क) नार्पा भूमि गाउँपालिका क्षेत्रभित्रका गाउँघर, बस्ती, गोठ तथा हिमाली बेसक्याम, पर्यटन पास र ट्र्यालहरुमा खानेपानीको व्यवस्थापनका लागि पानीका स्रोतहरुको खोजी गरिनेछ ।

(ख) पानीका स्रोतहरुको संरक्षणका लागि पानीका स्रोतको वरिपरि वृक्षारोपण गर्ने तथा भौतिक संरचनाहरुको निर्माण गर्दा पानीका मुहान र स्रोतहरुमा असर नपर्ने गरी गर्नु गराउनु पर्नेछ ।

(ग) खानेपानी आयोजनाहरुको भौतिक संरचना निर्माण सम्बन्धित आयोजना क्षेत्रमा गाउँपालिकाको समन्वयमा गठन भएको खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिले गर्नेछ । उक्त संरचनाको संरक्षण गर्नु समिति तथा समुदायको कर्तव्य हुनेछ तर गाउँपालिकाले उचित ठानेको खण्डमा भौतिक संरचना निर्माणमा ठेक्का वा अन्य प्रक्रिया अपनाउन बाधा पर्ने छैन ।

(घ) सरसफाईका लागि यस गाउँपालिकाभित्र रहेका धार्मिक गुम्बा, मणि छोर्तेनहरु, पर्यटकीय बिसौनाहरु तथा स्थल अनि पास र ट्रायलहरुमा ।

(ङ) ऐतिहासिक तथा पुरातत्विक महत्व बोकेका स्थलहरु, सम्पदाहरु तथा संग्राहलयहरु र प्राचीन गाउँबस्ती तथा भग्नावेशसहरुमा भएका फोहोरमैलाको व्यवस्थापन गर्ने ।

(च) यस गाउपालिकाका गाउँबस्तीमा रहेका मोहौल-चोक, पार्कहरु, उधान,सार्वजनिक शौचालय र धाराहरु र खुल्ला क्षेत्र तथा अन्य सार्वजनिक क्षेत्रहरुमा पनि सरसफाई र फोहोरमैलाको उचित व्यवस्थापन गर्नेछ ।

(छ) खानेपानी, सरसफाई तथा फोहोरमैला सम्बन्धी सचेतना तथा जागरुक बनाउन देहाय बमोजिमका अभियानहरु सञ्चालन गर्ने निर्णय गर्न सक्नेछ :

- धुम्रपान निषेधित क्षेत्र
- खुला दिसामुक्त क्षेत्र
- हिमालको पानी, स्वस्थ जीवनको खानी
- वातावरणमैत्री गाउँ, टोल, वडा,

- विभिन्न उपभोग्य वस्तुहरुको उपभोग गरि विसर्जन गरिने प्याकेजिङजन्य फोहोरहरु जथाभावी फाल्नमा रोक लगाउने,
- विषालु, संक्रामक, प्रज्वलनशील एवं स्वास्थ्य संस्था उद्योग तथा कलकारखानाबाट निस्कासन हुने फोहोर,किटनाशक औषधी, म्याद नाघिसकेको खाद्य पदार्थ लगायतका विशेष र जोखिमयुक्त फोहोरहरुलाई साधारण फोहोरमैलासँग मिसाई निस्कासन गर्न गराउन नपाइने ।
- स्रोतमै फोहोरको बर्गीकरण गरी कुहिने र नकुहिने फोहोरहरु छुट्टाछुट्टै कन्टेनरमा राखी बिसर्जन गर्न अनिवार्य गर्ने ।
- फोहोर गर्नेले नै सो को सफाई गर्ने (**Polluters To Pay**)
- अस्पतालजन्य फोहोरहरुको विसर्जन निश्चित तोकिएको क्षेत्रमा बाहेक अरु ठाउँमा गर्न निषेध गर्ने ।
- जोखिमयुक्त फोहोरको निश्कासन, संकलन, भण्डारण, प्रशोधन, बिक्रीवितरण, बिसर्जन र ओसारपसार गर्ने व्यक्ति, निकाय र निकासीकर्ताले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी आफ्नै खर्चमा वातावरणमैत्री तरिकाले जोखिमयुक्त फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने ।

## ६.खानेपानी तथा सरसफाई सञ्चालन विधिः

(१) नार्पा भूमि गाउँपालिका क्षेत्रभित्रका गाउँ बस्ती, याक तथा च्याङग्रा गोठहरुमा, पर्यटकीय ट्र्याल अनि क्याम्प र बेसक्याम्पहरुमा खानेपानीको व्यवस्थापनका लागि पानीका स्रोतहरुको खोजी गरिनेछ । पानीका स्रोतहरुको संरक्षणका लागि समुदायकै अग्रसरता रहनेछ र खानेपानीका मुहानहरुको संरक्षण लागि वरिपरि वृक्षारोपण तथा भौतिक संरचनाहरुको निर्माण गर्दा पानीका मुहान तथा स्रोतहरुलाई असर नपर्ने गरि गर्नु गराउनु पर्नेछ ।

(२) खानेपानी आयोजनाहरुको भौतिक संरचना निर्माण सम्बन्धित क्षेत्रमा गाउँपालिकाको समन्वयमा गठन भएको खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिले गर्नेछ । उक्त संरचनाको संरक्षण गर्नु समिति तथा समुदायको कर्तव्य हुनेछ । तर गाउँपालिकाले उचित ठानेको खण्डमा भौतिक संरचना निर्माणमा ठेक्का वा अन्य प्रक्रिया अपनाउन बाधा पर्ने छैन ।

(३) खानेपानीको वितरण सम्बन्धमा समितिले गाउँपालिकाको वितरण प्रणाली स्वीकृत गराई लागू गर्न सक्नेछ ।

(४) गाउँबस्ती तथा पर्यटकीय स्थाल र गोठहरुको खानेपानी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनको लागि गाउँपालिकाको समन्वयमा गठन भएको नार्पा भूमि गाउँपालिका खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिसँग सम्झौता गरी अघि बढाइनेछ । खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनलाई दीर्घकालीन समाधानका लागि प्रत्येक वडामा एक/एक वटा वा संयुक्त खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समिति गाउँपालिकाको समन्वयमा गठन हुनेछ र सोही समितिले उक्त क्षेत्रमा हुने खानेपानीका आयोजनाको निर्माण, व्यवस्थापन तथा सञ्चालन र सरसफाई तथा फोहोरमैला व्यवस्थापनको काम निरन्तर रुपमा गर्नेछ । खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिको कार्यक्षेत्र, कार्य जिम्मेवारी निर्धारण गर्ने । सो बमोजिमको कार्य भए नभएको यकिन गर्ने ।

(५) गाउँक्षेत्र भित्रका सरकारी, गैर सरकारी र निजीक्षेत्रका कार्यालय, संघ संस्था र निकायले प्रत्येक महिनाको एक दिन(जस्तै पहिलो शुक्रबार दिउँसो २:००-३:०० बजेसम्म) आ-आफ्नो कम्पाउण्ड परिसर सरसफाई गरी सरसफाई अभियानलाई व्यापक बनाउने ।

(६) गाउँक्षेत्र भित्रका सबै शैक्षिक संस्थाहरुमा प्रत्येक महिनाको दोस्रो र चौथो शुक्रबार २.००-३.०० बजे वा शैक्षिक संस्था बन्द हुनुभन्दा १ घण्टा अगाडिको समयदेखि वा अन्य उपयुक्त समयमा शैक्षिक संस्था वरपरका आफ्नो पायक पर्ने नदी, खोला, उद्यान, पोखरी, पार्क, ताल तलैया, खानेपानीको मुहान, धार्मिक स्थल, सडक, टोल तथा सार्वजनिक स्थलको सरसफाई कार्यक्रमहरु सञ्चालन गर्दा विभिन्न अतिरिक्त क्रियाकलापहरु जस्तै चित्राकला, वक्तृत्वकला, हाजिरीजवाफ, पदयात्रा, वृक्षारोपणको माध्यमबाट वातावरणीय संरक्षण तथा सरसफाई अभियान सञ्चालन गर्ने ।

(७) गाउँ क्षेत्रभित्रका सबै सरकारी, निजी भवन तथा कार्यालय, संघसंस्था, निकाय र परिवारले आ-आफ्नो कार्यालय भवन, घर, कम्पाउण्ड र परिसरमा बोटबिरुवा, फूल तथा गमला सहितको बगैंचा निर्माण गरी नियमित रुपमा गोडमेल तथा रेखदेखको प्रवन्ध मिलाउने र आफ्नो स्थापना दिवस, बार्षिकोत्सव वा यस्तै प्रकृतिका अन्य कार्यक्रम आयोजना गर्दा सार्वजनिक स्थलहरुको सरसफाई, वृक्षारोपण, हरियाली प्रवर्द्धन, सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रम राखी वातावरण संरक्षण तथा सरसफाई अभियान सञ्चालन गर्ने ।

(८) गाउँपालिकाले प्रत्येक शनिवारको अन्तिम शनिवार बिहान स्थानीय बासिन्दा, समुदाय, आमा समूह, स्वयंसेविका, युवा क्लब, गैर सरकारी संस्था एवं नागरिक

समाजको नेतृत्वमा आफ्नो क्षेत्रको पायक पर्ने खानेपानीको मुहान, सार्वजनिक धारा, ताल, तलैया, पोखरी नदी, खोला, धार्मिक एवं पर्यटकीय स्थल, सम्पदा क्षेत्र, गुम्बा परिसार,पार्क, उधान, बाटो, खुला क्षेत्र आदिको सरसफाई गर्ने व्यवस्था मिलाउने ।

(९) दुई वा दुईभन्दा बढी स्थानीय तहहरुले संयुक्तरुपमा सरसफाई अभियान सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहका प्रमुखहरुले यस कार्यको संयोजन गरी सरसफाई गरिने वडाका पदाधिकारीहरुलाई संलग्न गराई कार्ययोजना बनाई सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(१०) फोहोरमैला संकलन, ढुवानी र व्यवस्थापनको सम्बन्धमा यस क्षेत्रभित्र रहेका घर, पसल, होटल, रेष्टुरेण्ट, विधालय, गुम्बा, स्वास्थ्य चौकी, औधोगिक स्थल तथा अन्य सार्वजनिक स्थलहरुबाट निस्किने फोहोरमैलालाई उत्पादनस्थलबाटै उठाई समुचित विसर्जन केन्द्र तथा स्थानहरुमा व्यवस्थापन गर्ने ।

(११) सेफ्टी टयाङ्गीको व्यवस्थाको सम्बन्धमा गाउँपालिकाभित्रका सबै प्रकारका भवनहरुमा सेफ्टी टयाङ्गी अनिवार्य हुनुपर्नेछ । सेफ्टी टयाङ्गीमा प्रत्येक घर घरबाट उत्सर्जन हुने दिसा, पिसाबयुक्त फोहोर जम्मा हुने अनिवार्य व्यवस्था गर्नुपर्नेछ । नयाँ भवन बनाउँदा, तला थप गर्दा, निर्माण सम्पन्नताको प्रमाणपत्र लिँदा वा अन्य सेवा प्राप्त गर्न सेफ्टी टयाङ्गी निर्माण तथा प्रयोग भईरहेको छ भन्ने सुनिश्चिता हुने व्यवस्था गर्ने।

(१२) पानी निकासको सम्बन्धमा पानीको शुद्धिकरण गरेर मात्र निकास गर्नुपर्ने नियम लागू गर्न शौचालय बाहेक अन्य घरायसी प्रयोगहरु लुगा धुने, खाध सामग्री सफा गर्ने, भान्छा तथा अन्य कोठाहरु सफा गर्ने समेतका कार्यहरुबाट निष्काशित हुने पानीलाई आफ्नो घर कम्पाउण्डभित्र मंगाल बनाई शुद्धिकरण गरेर सार्वजनिक निकासामा समाहित गर्ने व्यवस्था मिलाउने ।

(१३) फोहोरको पृथकीकरणको सम्बन्धमा नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन हुने फोहोरलाई जैविक र अजैविक गरी कम्तिमा २ वर्गमा पृथकीकरण गर्नु प्रत्येक फोहोर उत्पादकको कर्तव्य हुनेछ । फोहोरको प्रकृतिका आधारमा सो भन्दा बढी वा विशिष्टीकृत ढंगले पृथकीकरण गर्न आवश्यक देखिएमा सो को विधि र प्रक्रिया तोकी पृथकीकरण गर्न समितिको परामर्श समेतको आधारमा गाउँपालिकाले निर्देशन दिने व्यवस्था मिलाउने ।

(१४) यस गाउँपालिकाभित्र रहेका हिमाल तथा हिमश्रृंखला, हिमालका शिविर तथा बेसक्याम र पर्यटकीय पास तथा रुटहरुको सरसफाई गर्न पालिकाले सरोकारवाला सबैलाई आह्वान गर्न सक्नेछ सोको दायित्व सबैको हुनेछ ।

## परिच्छेद-४

## गाउँपालिका र सरोकारवाला निकाय तथा भूमिका

**(७) गाउँपालिकाको भूमिका :**

(१) खानेपानीका मुहानहरुको संरक्षण तथा खानेपानीका भौतिक संरचनाको निर्माण स्थल र प्राविधिक मूल्यांकन गराउने ।

(२) खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन समितिको कार्यक्षेत्र, कार्य जिम्मेवारी निर्धारण गर्ने । सो बमोजिमको कार्य भए नभएको यकिन गर्ने ।

(३) नजिकमा रहेका पानीका मुहानहरुबाट खानेपानी पर्याप्त नभएमा अन्य पानीका मुहान स्रोतहरुको खोजी, सम्बन्धित स्थानसम्म पहुँच पुर्‍याउने सम्भाव्यता अध्ययन तथा कार्यान्वयन गर्ने ।

(४) ल्याण्डफिलिङ्ग र कम्पोष्ट प्लान्टका लागि उपयुक्त स्थानमा जग्गा पहिचान गरि निर्धारण गर्ने ।

(५) सार्वजनिक स्थलमा फोहोरमैला फ्याक्न नपाउने र फोहोर गरेमा हुने सजायसहितको सूचना जारी गर्ने ।

(६) गाउँपालिकामा रहेका ढुवानी साधनलाई साझेदारीमा कार्य गर्दाका बखत आपसी सहमतिबाट परिचालन गर्ने ।

(७) तत्कालको व्यवस्थापनका लागि साझेदारीको अवधारणा अनुरुप कार्य गर्दा आपसी छलफलबाट निर्क्यौल गरिए अनुसार प्रक्रिया अगाडि बढाउने । दिर्घाकालीन समाधानका लागि अध्ययन गरि गाउँपालिकाले आवश्यक प्रक्रिया अगाडि बढाउने ।

(८) सम्पादित कामको अनुगमन तथा मूल्याकंनबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक भूमिका बहन गर्ने ।

(९) सूचनालाई अटेर गरी अनाधिकृत रुपमा फोहोरमैला फ्याक्नेलाई फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड र फोहोरमैला संकलन र व्यवस्थापनमा सहयोग गर्ने व्यक्ति/संघ संस्थालाई प्रोत्साहन(पुरस्कार) को व्यवस्था गर्ने साको लागि **अनुसूचि २** बमोजिम फोहोरमैला संकलन अभिलेख राख्ने ।

(१०) खानेपानी उपभोक्ता तथा घरदैलो फोहोरमैला संकलनको सेवा वापत सदस्यता अनिवार्य लिनुपर्ने गरी वडा कार्यालयले आवश्यक सहजीकरण गर्नेछ ।

(११) प्रत्येक वडामा वडा कार्यालयको अगुवाई र संलग्न साझेदार वा जिम्मेवार संघ संस्थाको समन्वयमा वार्ड लगत समेत संकलन गरी खानेपानी,सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी जागरण ल्याउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फोरमहरुमा यस क्षेत्रका संरक्षण तथा स्वच्छता चुनौती सम्बन्धमा प्रस्तुत गर्ने ।

**(८)सरोकारवाला निकायहरुको प्रमुख भूमिका :**

(१) सरसफाई कार्यमा संलग्न हुने सरोकारवाला निकाय तथा पक्षहरुको तुलनात्मक प्रतिश्पर्धा एवं विशिष्टतालाई मध्येनजर गर्दै सरसफाईका कार्यक्रममा सबै पक्षहरुको सहकार्य र समन्वयमा सञ्चालन गर्नुपर्नेछ ।

(२) स्थानीय सरसफाई अभियानमा संलग्न हुने निकायहरुको प्रमुख जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) **सरकारी कार्यालयहरु :** स्वास्थ्य,खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन, कार्यालय परिसर सरसफाई, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण र समुदाय परिचालन आदि ।

(ख) **सुरक्षा निकाय :** कार्यालय परिसर सरसफाई, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाई सम्बन्धमा समुदायसँग समन्वय आदि ।

(ग) **निजी व्यवसायिक संघसंस्था :** कार्यालय परिसर सरसफाई, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सस्थागत सामाजिक उत्तरादायित्व अन्तर्गत सरसफाई क्षेत्रमा लगानी, सरसफाई अभियानमा सहकार्य ।

(घ)**गैर सरकारी संघ संस्था** : समुदाय परिचालन, सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन,सरसफाईको क्षेत्रमा लगानी, कार्यालय परिसर सरसफाई आदि ।

(ङ) **सामुदायिक संस्था** : सामुदायिक परिचालन, सचेतना अभिवृद्धि, सञ्जाल विस्तार, सरसफाई अभियानमा सहकार्य आदि ।

(च) **नागरिक समाज** : सामाजिक परिचालन, सचेतना अभिवृद्धि, ऐक्येवद्धता विकास, निगरानी, सरसफाई अभियानमा सहकार्य ।

(छ) **सञ्चार माध्यम** : सूचना संप्रेषण, सचेतना अभिवृद्धि, निगरानी, सरसफाई अभियानमा सहकार्य आदि ।

(ज) **शैक्षिक संस्था** : सचेतना अभिवृद्धि, समाजमा सरसफाईको संस्कारको विकास, शैक्षिक संस्था परिसर सरसफाई, बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाई सम्बन्धी अभियानमा सहभागी आदि ।

(झ) **सचेत नागरिक** : सरसफाईको सस्कारको विकास र पालना, सरसफाई अभियानमा स्वस्फूर्त परिचालन र एक्येवद्धता, आफ्नो घरको हरियाली तथा सौन्दर्यकरण, घरभित्रबाट निस्कने फोहोरको वर्गीकरण तथा कुहिने फोहोरको स्रोतमा न्यूनीकरण आदि ।

## परिच्देद-५

## संस्थागत प्रवन्ध एवं काम, कर्तव्य र अधिकार

**९. संस्थागत प्रवन्ध एवं काम,कर्तव्य र अधिकार :** (१) गाउँक्षेत्र भित्र सरसफाई कार्यक्रममा आवश्यक नेतृत्व, समन्वय तथा सहजीकरण गरी सरसफाई अभियानलाई दिगो र संस्थागत गर्नका लागि गाउँस्तरमा एवं वडास्तरीय सरसफाई समिति गठन गरिनेछ ।

**२. गाउँस्तरीय सरसफाई अभियान समितिको गठन र काम, कर्तव्य एवं अधिकार निम्नानुसार हुनेछ ।**

**(क) समितिको गठन :**

| | |
|---|---|
| अध्यक्ष, गाउँपालिका | - संयोजक |
| उपाध्यक्ष, गाउँपालिका | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका | - सदस्य |
| सामाजिक विकास समिति संयोजक(गाउँसभा) | - सदस्य |
| सुरक्षा निकाय प्रमुख(स्थानीय तहमा रहेका इकाई) | - सदस्य |

सरसफाईको क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने समितिले तोकेको महिलासहित कुनै २ जना सामाजिक अभियन्ता - सदस्य

सामाजिक विकास शाखा प्रमुख, गाउँपालिका - सदस्य सचिव

समितिले आवश्यक ठानेमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

**(ख) समितिको प्रमुख काम, कर्तव्य र अधिकार :**

(१) गाउँस्तरीय सरसफाई नीति तर्जुमा गर्ने,

(२) सरसफाई कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्र पहिचान तथा सो सम्बन्धी योजना तर्जुमा गर्ने,

(३) सरसफाईका अभियानहरु सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने,

(४) विभिन्न संघ संस्था तथा निकायद्धारा गरिने सरसफाई कार्यक्रममा समन्वय गर्ने,

(५) वडास्तरीय सरसफाई समितिको कार्यमा आवश्यक सहयोग, समन्वय र अनुगमन गर्ने,

(६) गाउँस्तरीय सरसफाईको कार्यक्रम र समग्र स्थितिको अनुगमन गरी वार्षिक प्रतिवेदन गाउँसभामा पेश गर्ने आदि ।

(३) वडास्तरीय सरसफाई अभियान समितिको गठन र काम, कतर्व्य एवं अधिकार निम्नानुसार हुनेछ ।

**(क) समितिको गठन :**

वडा अध्यक्ष - संयोजक

वडा सदस्यहरु - सदस्य

वडा सचिव - सदस्य

प्रमुख, सुरक्षा निकाय(स्थानीय तहमा रहेका इकाई) - सदस्य

सञ्चारकर्मी - सदस्य

सरसफाई क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रतिनिधि- २ जना - सदस्य

सरसफाईको क्षेत्रमा उल्लेख्य पुर्‍याउने समितिले तोकेको महिला सहित कुनै १ जना सामाजिक अभियन्ता - सदस्य

प्रमुख, स्वास्थ्य ईकाई - सदस्य

समितिले आवश्यक ठहर्‍याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

**(ख) समितिको प्रमुख काम,कर्तव्य र अधिकार :**

(१) वडास्तरीय सरसफाई नीति र योजना तर्जुमा गर्ने,

(२) सरसफाईका अभियानहरु सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने,

(३) विभिन्न संघ संस्था तथा निकायद्धारा गरिने सरसफाई कार्यक्रममा समन्वय गर्ने,

(४) वडास्तरीय सरसफाईको कार्यक्रमको अनुगमन गरी वडामा सो सम्बन्धमा छलफल गर्ने आदि ।

## परिच्छेद - ६

## स्रोत परिचालन र खर्च

**१०. स्रोत परिचालन :**

(१) गाउँपालिकाले आफूलाई प्राप्त समानीकरण अनुदान, राजश्व बाँडफाँट तथा आफ्नो आन्तरिक आयबाट सरसफाईको क्षेत्रमा न्यायोचित रुपले बजेट विनियोजन गर्नुपर्नेछ ।

(२)गाउँपालिकाले आफ्नो आय तथा अन्य निकायबाट प्राप्त हुने सहयोगलाई समेत समावेश गरी एकीकृत रुपमा स्रोत परिचालन गर्न सरसफाईको लागि छुट्टै कोष सिर्जना गरी स्रोत परिचालन गर्न सक्नेछ ।

(३) स्थानीय तहमा गरिने सरसफाईका कार्यक्रमलाई मितव्ययी, प्रभावकारी एवं एकीकृत ढंगमा सञ्चालन गर्नका लागि यस क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुको कार्यक्रम स्थानीय तहको वार्षिक योजना प्रणालीमा समावेश गरिनेछ । यस्ता एकीकृत कार्यक्रमहरुको नेतृत्व स्थानीय सरकारले गर्नेछ । यस प्रयोजनका लागि स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र रहेका सरसफाई सम्बन्धी काम गर्ने निजी सहकारी सबै संस्थाहरु र तिनीहरुको क्रियाकलापको अभिलेख राख्नुपर्नेछ ।

(४) सरसफाईको क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक साझेदारीको नीति अवलम्वन गरिनेछ ।

(५) गाउँपालिकाले सरसफाई कार्यक्रमा विनियोजन भएको बजेट खर्च गर्दा प्रचलित नियमानुसार गर्ने, खर्चको लेखांकन राख्ने, प्रतिवेदन तयार गर्ने तथा लेखा परीक्षण गराउनुपर्नेछ ।

(६) यस क्षेत्रमा खर्च गर्दा खर्चमा दोहोरोपना नपर्ने गरी अन्य निकायहरुसँग समेत समन्वय गरी प्राप्त स्रोतको मितव्ययी रुपमा परिचालन गर्नुपर्नेछ ।

(७) गाउँपालिकाले सरसफाईको क्षेत्रमा भएको खर्चको नियमित रुपमा प्रतिवेदन तयार गरी गाउँसभा लगायत सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

## परिच्छेद - ७

## कसुर तथा दण्ड सजाय

**११. कसुर उपर दण्ड सजाय :** अन्यथा उल्लेख बाहेक यस कार्यविधिमा उल्लेखित देहायका कार्य गरेमा **अनुसूचि १** बमोजिम दण्ड सजाय हुनेछ ।

क) कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुयाउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने,

घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राखे वा थुपार्ने,

छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्ने कार्यपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउने इन्कार गर्ने,

ञ) कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

त) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानून र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

ध) पूर्जिविना दाउरा काठ कटान गर्ने, वनजंगल फडानी गर्ने,

## परिच्छेद - ८

## विविध

**१२. सरसफाई शुल्कः** यार्सागुम्बा संकलक, हिमाल आरोही, स्थानीय तथा पर्यटन सरसफाई शुल्क आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

**१३. कार्यविधिको व्याख्या :** यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

**१४. कार्यविधि संशोधन :** यस कार्यविधिका प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१५. बाधा अड्चान फुकाउँ :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

अनुसूचि १

(दफा ११ सँग सम्बन्धित)

क) दफा ११ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कार्यपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हचार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवात तोही कसूर तेस्रो वा सोभन्दा बढी पटक **गर्न सक्नेछ ।**

ख) दफा ११ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

ग) दफा ११ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

घ) दफा ११ को खण्ड (घ) र (इ) बमोजिमको कसूर गर्नेलाई ुकार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

ङ) दफा ११ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदाताबाट असूल उपर गर्न सक्नेछ ।

च) दफा ११ को खण्च (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

छ) दफा ११ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

ज) दफा ११ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर

पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

ञ) दफा ११ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित कार्यपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्ने छ ।

ट) दफा ११ को खण्ड (ध) बमोजिमको कसूर गर्नेलाई पटकै पिच्छे रु पाँच हजार जरिवाना गर्न सक्ने छ ।

## अनुसूचि २

(दफा ७ को उपदफा ९ सँग सम्बन्धित)

फोहोरमैला संकलन अभिलेख

| क.सं. | संकलकको नाम | ठेगाना, सम्पर्क नं. | स्थान | | मिति | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखी | सम्म | | | |
| | | | | | | | |

**आज्ञाले**

**शुशिल लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**